# :yfgLo /fhkq

भाग-१ खण्ड २ संख्या ७

बागलुङ नगरपालिकाद्वारा प्रकाशित

# फोहरमैला व्यवस्थापन कार्यविधि ऐन-२०७५

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# :yfgLo /fhkq

खण्ड २ संख्या ७, १५ माघ २०७५

**भाग–१**

# बागलुङ नगरपालिका
# बागलुङ

# बागलुङ नगरपालिका
# फोहरमैला व्यवस्थापन कार्यविधि ऐन-२०७५

## प्रस्तावना

बागलुङ नगरपालीकाले फोहरमैलालाई श्रोतमा न्यूनीकरण, पुन : प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैला बाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कमगरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अतिसंवेदनशील र अत्यावश्यक सेवालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ र २२६ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ बमोजिम बागलुङ नगर सभाको स्वीकृतिले यो फोहरमैला व्यवस्थापन कार्यविधि ऐन-२०७५ ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"बागलुङ नगरपालीका फोहरमैला व्यवस्थापन कार्यविधि ऐन-२०७५"** रहेकोछ ।

(२) यो कार्यविधि ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि ऐनमा-

(क) कार्यविधि ऐन -भन्नाले फोहरमैला व्यवस्थापन कार्यविधि ऐन-२०७५ लाई सम्झनु पर्दछ ।

(ख) फोहरमैला भन्नाले-घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थमा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल,ग्याँस, लेदो,धुँवा, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र बागलुङ नगरपालीकाले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकीदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ग) औद्योगिक फोहरमैला भन्नाले-औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानीकारक तथा प्रदुषणयुक्त फोहरमैला सम्झनु पर्दछ ।

(घ) औद्योगिक प्रतिष्ठान भन्नाले-कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्दछ ।

(ङ) रासायनिक फोहरमैला भन्नाले-यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव,जन्तु एवं वातावरणमा प्रतिकुल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा बागलुङ नगरपालीकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनि तोकेका ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्दछ ।

(च) स्वास्थ्य संस्थाजन्य फोहरमैला भन्नाले-अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानीकारक फोहरमैला सम्झनु पर्दछ ।

(छ) हानीकारक फोहरमैला भन्नाले-प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण समेतलाई सम्झनु पर्दछ ।

(ज) निष्काशन भन्नाले-फोहरमैला उत्पादन स्थलबाट नगरपालीकाले तोकेको स्थानमा थुपार्ने, वा निकाल्ने कार्य सम्झनु पर्दछ ।

(झ) प्रदुषण भन्नाले-फोहरमैलाबाट निस्कने ठोस, तरल, वा ग्याँस वस्तुको संयोजनबाट वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्दछ ।

(ञ) जैविक भन्नाले- छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनु पर्दछ ।

(ट) अजैविक भन्नाले- छिट्टै सडि, गलि नजाने वा छिट्टै नकुहिने पदार्थ सम्झनु पर्दछ ।

(त) हानिकारक फोहरमैला भन्नाले-प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी

पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्दछ ।

(थ) फोहरमैला सङ्कलन भन्नाले-फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्दछ ।

(द) विसर्जन भन्नाले-फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ध) सङ्कलन केन्द्र भन्नाले- घर घरबाट निस्कने फोहरमैला सङ्कलन गरीनर्धारित समय सम्म फाल्न, राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनुपर्छ र सो शब्दले घरघरमा फोहरमैला सङ्कलन गर्न आउने फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउनेछ ।

(न) न्यूनिकरण भन्नाले- कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्दछ ।

(प) कन्टेनर भन्नाले-फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने, भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

## परिच्छेद-२

## फोहरमैला उत्पादन,सङ्कलन, न्यूनिकरण तथा निष्काशन सम्बन्धि व्यवस्था

**३. फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी** :

(१) फोहरमैलाको व्यवस्थापन, स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, बायो ग्याँस प्लान्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम

विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन बागलुङ नगरपालीका वा प्रचलित कानुन बमोजिम तोकिएको नीजि क्षेत्र सँगको साझेदारीमा गरिने छ ।

(२) फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी बागलुङ नगरपालीका वा प्रचलित कानुन बमोजिम तोकिएको नीजि क्षेत्र सँगको साझेदारीमा गरिने छ ।

४. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व :** (१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व बागलुङ नगरपालीकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि हानीकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानीकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन बागलुङ नगरपालीकालाई अनुरोध गरेमा वा बागलुङ नगरपालीकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा बागलुङ नगरपालीकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सकिनेछ ।

५. **फोहरमैलाको उत्पादन कम गर्ने :** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुने काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुन : प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**स्पष्टीकरण :** “आफ्नो क्षेत्र” भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. **फोहोरमैलाको पृथकीकरण :** (१) नगरपालीकाले फोहरमैलालाई जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालीकाले तोकिदिए बमोजिम फोहरमैलालाई श्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालीकाले आवश्यक प्रविधि, मालसामन, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

७. **फोहरमैलाको निष्काशन :**

(१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालीकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

८. **फोहरमैला सङ्कलन केन्द्र तोक्ने :** (१) नगरपालीकाले आवश्यक देखेमा फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तिमा सङ्कलनकेन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तिका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालीकाले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **फोहरमैलाको ढुवानी :** (१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैललाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालीका वा नगरपालीकाले तोकि व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्नसक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

१०. **फोहरमैलाको न्यूनीकरण, पुन : प्रयोग तथा पुन : चक्रीय प्रयोग :** (१) नगरपालीकाले फोहोरमैला न्यूनीकरण, पुन : प्रयोग तथा पुन : चक्रीय प्रयागलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुन : प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालीकाले आवश्यक समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - ३

## स्थानान्तरण केन्द्र तथा फोहरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था :

**११. स्थानान्तरण केन्द्र तोक्ने :** (१) नगरपालीकाले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नुपर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत मिलायनु पनेछ ।

**१२. फोहरमैला व्यवस्थापन स्थल :** (१) नगरपालीकाले आफ्नो क्षेत्रभित्र उत्सर्जन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नकोलागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (**स्यानिटरी ल्याण्डफिल साइट**) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनस्थल तोक्नको लागि नगरपालीकाको जग्गा नभएमा वा जग्गा भएतापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्दा दफा १६ को अधिनमा रही निजीक्षेत्रको निजी जग्गामा समेत फोहरमैला व्यवस्थापन स्थलको विकास तथा सञ्चालन गर्न सकिनेछ ।

(४) नगरपालीकाले उपदफा (१) वा (२) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त स्थलको छनौट गरी जग्गा प्राप्ती गर्नुपर्ने अवस्था आएमा अर्को व्यवस्था नभएसम्मको लागि जग्गा प्राप्ती ऐन-२०३४ ले तोकेको प्रक्रिया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनीति-२०७१ ले तोकेको प्रक्रिया पुरा गरी नगरपालीका द्वारा जग्गा प्राप्तीको लागि आवश्यक प्रक्रिया अगाडी बढाउनेछ ।

(५) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

(६) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्ड अनूकुल हुनेगरी गर्नु पर्नेछ ।

(७) नगरपालीकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिमको क्षेत्रमा पशुपक्षी, जीवतन्तु तथा मानवको अनधिकृत प्रवेशलाई रोक लगाउने, ढुङ्गा, गिटी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थानका लागि अन्य आवश्यक निर्देशन तथा निर्देशिका जारीगरी लागूगर्न सक्नेछ ।

## परिच्छेद-४

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता :

**१३. अनुमति सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम नगरपालीकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालीकामा निवेदन दिनु पर्नेछ :-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगरपालीकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने

देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तारान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृत लिई नगरपालीकाले उप-दफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ । नेपाल सरकारको स्विकृति लिंदा प्रदेश सरकार मार्फत लिईनेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने :** (१) नगरपालीकाले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुमतिप्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी तोकिएका शर्तहरुको आधारमा आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछ :-

(क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला सङ्कलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन ।

**१५. प्रतिस्पर्द्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :**

(१) नगरपालीकाले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने कार्यजिम्मा दिनेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गरिनेछ :-

(क) नगरपालीकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गरिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए नगरपालीकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालीकासँग गरेको सम्झौताको अधीनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्नेछ ।

(५) फोहोरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**१६. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :**

(१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति मागगरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालीकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय

मापदण्दडको पालना भए वा नभएको अनुगमन नगरपालीकाले गर्नेछ

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सकिनेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालीकाले रद्द गर्न सक्नेछ ।

**१७. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) नगरपालीकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला संकलन तथा व्यवस्थापनका कार्यहरु गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, सस्थासँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्यहरु गर्न वा गराउन सकिनेछ ।

## परिच्छद-५

## फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था :

**१८. सेवा शुल्क उठाउन सक्ने :**

(१) नगरपालीकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए वमोजिम सेवा शुल्क लगाई उठाउने छ ।

(२) उपदफा (१) बमोजिमको शुल्क फोहरमैलाको परिमाण, तौल, तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगर कार्यपालीकाले नियमावली निर्देशिका तथा कार्यविधि वनाई निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नगरपालीका आफैले वा निजले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालीकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरेबापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए वमोजिम सेवा शुल्क उठाउन सक्नेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालीकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्न सकिनेछ ।

**१९. सेवा निलम्वन वा अन्त्य गर्न सक्ने :** (१) नगरपालीकाले दफा १८ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा १८ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालीकालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा १८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-६

## प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था :

२०. **प्रदूषण नियन्त्रण :** (१) आफ्नो क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासम्भव कमगरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व नगरपालीका वा दफा १५ वमोजिम व्यवस्थापनको जिम्मेवारी पाएको व्यक्ति संस्था वा निकायको हुनेछ ।

(२) नगरपालीकाले सङ्कलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस ऐन बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ ।

२१. **फोहरमैला व्यवस्थापनको अनुगमन :** (१) नगरपालीकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्ने गराउनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि नगरपालीकाले आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन नगरपालीका समक्ष दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालीकाले आवश्यक व्यवस्था गर्नेछ ।

(५) नगरपालीकाले फोहरमैला व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यमा प्राविधिक सहयोगको लागि आवश्यक ठानेमा विज्ञ प्राविधिक झिकाई आवश्यक सहयोग लिन सक्नेछ ।

२२. **फोहरमैला व्यवस्थापन स्थलको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था :**

(१) नगरपालीकाले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको

गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालीकाले मूलत: देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ :-

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,

(ख) विद्यालयर स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम ।

(३) नगरपालीकाले सम्बन्धित समुदायसँग परामर्श गरी उपदफा (१) बमोजिम योजना तर्जुमा वा उपदफा (२) बमोजिम कार्यक्रमको छनौट गर्नेछ ।

(४) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने गरी गर्नेछ ।

## परिच्छेद-७

## समिति संबन्धि व्यवस्था :

**२३. समितिको गठन** : (१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम नगरपालीकाले फोहरमैला व्यवस्थापनको कार्यलाई कार्यान्वयन गर्नगराउनको लागिदेहाय अनुसारका समिति तथा उपसमितिहरु गठनगर्न सक्नेछ ।

(२) नगरपालीकाले वातावरण तथा विपद व्यवस्थापन समिति, निर्देशक समिति, सार्वजनिक नीजि साझेदारी प्रबर्द्धन समिति, फोहरमैला व्यवस्थापन उपसमिति लगायत आवश्यकता अनुसार अन्य समिति र बिशेष समिति गठन गर्न सक्नेछ ।

(३) समितिको व्यवस्थापन कार्यविधि नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) आवश्यकता अनुसार नीजि क्षेत्रको समेत सहभागीता रहने गरी तत्कालिन समस्या समाधानको लागि निश्चित मिति, उप-समितिहरुले प्रतिवेदन पेशगरे पश्चात वा प्रतिवेदन पेश गर्न नसकेको अवस्थामा तोकिएको समय पश्चातउक्त समितिहरुस्वतः भंग हुनेछन् ।समायवधि तोकी कार्य शर्त अनुसार बढीमा ५ सदस्यीयसमिति, उप-समितिहरुको गठन गरिनेछ ।

## परिच्छेद-८

## कसूर तथा सजाय

२४. **कसूर** :कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) नगरपालीका द्वारा तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने ।

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुपतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलक केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,नगरपालीकाले फोहरमैला न्युनिकरण गर्न तथा नगर सफा गर्नको लागि प्रवाह गरेको सुचनाको वेवास्ता गरी सडक पेटी तथा नालीमा फोहर फाल्ने, सेफ्टी टंकी नालीमा मिसाउने, वा कुनै साव्जनिकस्थल नदी खोलामा मिसाउने ,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालीकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालीकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वस्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नगरपालीकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) दफा ३० विपरित रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछ्राको कत्ला आदी सार्वजनिक स्थल, सडक, गल्ली चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

**२५. सजाय :** (१) दफा २४ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालीकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर दसई पटक वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल गर्न सक्नेछ।

(२) दफा २४ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालीकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा २४ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालीकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

(४) दफा २४ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालीकाले पन्ध्र हजार रुपैयाँदेखि पचार हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(५) दफा २४ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपपालीकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म

जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा २४ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालीकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) दफा २४ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालीकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा २४ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालीकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिले पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून कमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा २४ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१०) दफा २४ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(११) दफा २४ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालीकाले प्रत्येकपटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

२६. **सेवा सुविधा रोक्का गर्न सकिने :** (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको

नगरपालीकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालीकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ

(२) उपदफा (१) बमोजिम लेखी पठाएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२७. **सरकारवादी हुने :** दफा २४ को (ड), (ढ) र (ण) बमोजिमको कसूरमा नेपाल सरकारवादी भई मुद्दा चल्नेछ र सो कसूर मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन-२०७४ को अनुसुची-१ मा समावेश भएको मानिनेछ ।

२८. **पुनरावेदन दिन सक्ने :** दफा २५ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैँतीस दिनभित्र सम्बन्धित अदालत पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-९

## विविध :

२९. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापनः** (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिईनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नुपर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सकिनेछ ।

**३०. रासायनिक विषादी सम्बन्धी व्यवस्थाः** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नुपर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**३१. फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक क्षेत्रका निकायको अभिलेख राख्ने :**

(१) नगरपालीकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाको अद्यावधिक विवरण तयार गरी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा नगरपालीकाले तोकेको अन्य विवरण समेत उल्लेख गर्न सकिनेछ ।

**३२. जानकारी गराउन पर्ने :** कसैले विदेशी व्यक्ति, संघ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा नगरपालीका मार्फत संबन्धित मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

**३३. अधिकार प्रत्यायोजन :** (१) नीतिगत विषयमा निर्णय गर्नु पर्ने बाहेक नगरपालीकाले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार नगरप्रमुख, नगर उपप्रमुख, वडाध्यक्ष वा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) नगरप्रमुखले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार नगरपालीकाको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३४. **पुरस्कार दिन सकिने :** (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालीकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालीकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

३५. **नियम तथा विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालीकाले ऐन नियमको अधिनमा रही आवश्यक नियम बनाई लागु गर्न सक्नेछ ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियमावलीको अधिनमा रही नगरपालीकाले आवश्यक विनियम बनाई लागु गर्न सक्नेछ ।

३६. **मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने :**(१) यो ऐन तथा यस ऐन अर्न्तगतबनेको नियमावलीको अधिनमा रही नगरपालीकाले विभिन्न प्रकृतिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ ।

(२) नगरपालीकाले फोहरमैला व्यवस्थापन संबन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**३७. प्रचलित कानुन बमोजिम हुने:** फोहरमैला व्यवस्थापन संबन्धि बिषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै ऐन बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**३८. स्वतः अमान्य हुने:** यस ऐनमा उल्लेख भएका प्रावधानहरु नेपालको संविधान, संघीय कानुन, प्रदेश कानुन र  अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**३९. संशोधन:** यस कार्यविधि ऐनलाई आवश्यकता अनुसार नगर सभाले संशोधन गरिनेछ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर सभाध्यक्ष

प्रमाणिकरण मिति : २०७५ साल माघ १४ गते आईतवार
रुजु गर्ने :